नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**वातावरण व्यवस्थापन शाखा**
**सिंहदरबार, काठमाण्डौं**

आ.व. :- ०७३/७४
च.नं. :- २०५

मिति : २०७४/१/१९

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै ।

**विषय : आगामी आर्थिक वर्षका लागि ढुङ्गा गिट्टि वालुवाको व्यवस्थापन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आगामी आर्थिक बर्षका लागि ढुंगा गिट्टी बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन, बिक्रि एबम जिल्ला निकासीको ब्यबस्थापन देहाय बमोजिम गर्न जिल्ला समन्वय समितिलाई निर्देशन दिने भनि नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७४/१/१९ मा निर्णय भएकोले सोही बमोजिम गर्नुहुन अनुरोध गरिन्छ ।

देहाय

१. आगामी आर्थिक बर्षका लागि ढुंगा गिट्टी बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन, बिक्रि एबम जिल्ला निकासीको ब्यबस्थापन साबिक बमोजिम गर्न जिल्ला समन्वय समितिलाई निर्देशन दिने ।

२. जिल्ला समन्वय समितिलाई ढुंगा गिट्टी बालुवा लगायतका नदीजन्य पदार्थको ब्यबस्थापन गर्दा नेपाल सरकारद्वारा संचालित विकास आयोजनाकालागी आबश्यक पर्ने ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीहरु आबश्यक भएको परिमाणमा संबन्धित आयोजनालेनै आयोजनाको स्वीकृत आई.ई.ई./ई.आ.ए.गर्दा तोकिएको स्थानबाट उत्खनन/संकलन गरि लिन सक्ने र तेस्तो उत्खनन/संकलन स्थल,परिमाण र प्रक्रिया जिल्ला समन्वय समितिले तोकिदिने गरि भएको (नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२/१०/२० को निर्णय) निर्णयअनुसार गर्ने ।

३. प्रत्येक जिल्लामा ढुंगा गिट्टी बालुवा लगायतका नदिजन्य पदार्थको बजार मूल्य नियमन गरि एकरुपता कायम गर्न आबश्यक देखिएकोले उत्खनन स्थलबाट बजारसम्म ढुवानी हुने दुरी (lead Distance), उत्खनन लागत, जिल्ला समन्वय समितिले तोकेको नदि जन्य पदार्थको बिक्री मूल्य र स्वीकृत जिल्ला दर रेटलाई मध्यनजर गरि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला आधिकारीको अध्यक्षतामा गठित अनुगमन समितिले प्रत्येक महिनाको मसान्तलाई आधारमानि प्रत्येक महिनाको ५ गते भित्र अधिकतम जिल्ला बिक्री दर कायम गर्ने । येस्तो दर कायम गर्दा जिल्लाका मुख्य मुख्य बजार केन्द्रका लागि समेत अधिकतम दर तोक्ने र सार्बजनिक गर्ने ।

४. अगामी आ.ब. को लागि ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ (निर्माण सामग्री) को बिक्रीबाट प्राप्त हुने सम्पूर्ण रकम खर्च नगरि जिल्ला समन्वय समितिको खातामा मौज्दातको रुपमा राख्ने। यस्तो राजस्वको बाडफाड सम्बन्धि Modality उपयुक्त समयमा जिल्ला समन्वय समितिलाई उपलब्ध गराईने ।

२०७४/१/१९

गुरुप्रसाद सुवेदी
उप - सचिव

बोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय सबै ।
श्री सूचना तथा विद्युतीय शासन शाखा - मन्त्रालयको वेव साइटमा राखिदिनुहुन ।